बैठक नं. १०.२

आज मिति २०७८/०९/२६ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका नगर सभा सदस्यहरुको उपस्थितिमा दशौं नगर सभा अधिवेशनको दोस्रो बैठक बसियो ।

समय: विहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका ।

उपस्थिति:

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख/अध्यक्ष | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख/उपाध्यक्ष | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | |
| ६ | तेज बहादुर सुनार | सदस्य | |
| ७ | जगदीश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थापा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १४ | नारायण प्रसाद पुन | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हिम बहादुर खत्री | सदस्य | |
| २० | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २१ | विमला श्रेष्ठ | सदस्य | |
| २२ | सुस्मा कुमारी अर्याल | सदस्य | |
| २३ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २४ | सिता कुमारी थापा | सदस्य | |
| २५ | रन्जित शेरचन | सदस्य | |
| २६ | डिल प्रसाद नेपाली | सदस्य | |
| २७ | विष्णु कुमारी नेपाली | सदस्य | |
| २८ | ज्ञानु कुमारी लिगल | सदस्य | |
| २९ | मदन कुमार श्रेष्ठ | सदस्य | |
| ३० | सतिश कसौधन | सदस्य | |
| ३१ | कमला देवी नगरकोटी | सदस्य | |
| ३२ | खगिसरा गुरुङ्ग | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | प्रेम बहादुर गाहा मगर | सदस्य | |
| ३४ | सुनिल शाक्य | सदस्य | |
| ३५ | सुमित्रा बि.क. | सदस्य | |
| ३६ | सरस्वती कुँवर | सदस्य | |
| ३७ | चीन बहादुर गुरुङ्ग | सदस्य | |
| ३८ | लिला प्रसाद श्रेष्ठ | सदस्य | |
| ३९ | कमला विश्वकर्मा | सदस्य | |
| ४० | चन्दा कुमारी गौतम | सदस्य | |
| ४१ | सुरेन्द्र कुमार श्रेष्ठ | सदस्य | |
| ४२ | धन माया विश्वकर्मा | सदस्य | |
| ४३ | छली मियाँ | सदस्य | |
| ४४ | प्रदिप श्रेष्ठ | सदस्य | |
| ४५ | यम बराल | सदस्य | |
| ४६ | पार्वती सुनार | सदस्य | |
| ४७ | नन्दा थापा मगर | सदस्य | |
| ४८ | टिका राम पाण्डेय | सदस्य | |
| ४९ | वीर मान लामा | सदस्य | |
| ५० | गीता वि.क. | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | वविता के.सी वस्नेत | सदस्य | |
| ५२ | गोमती सुनार | सदस्य | |
| ५३ | गोमा ज्ञवाली | सदस्य | |
| ५४ | भुवानी प्रसाद उपाध्याय | सदस्य | |
| ५५ | दल बहादुर थापा | सदस्य | |
| ५६ | शोभा सार्की | सदस्य | |
| ५७ | शिव बहादुर अधिकारी | सदस्य | |
| ५८ | विजय गुरुङ्ग | सदस्य | |
| ५९ | कलावती के.सी. | सदस्य | |
| ६० | बल बहादुर पुन मगर | सदस्य | |
| ६१ | नन्द बहादुर थापा | सदस्य | |
| ६२ | मायादेवी दमाई | सदस्य | |
| ६३ | नकुल शाही ठकुरी | सदस्य | |
| ६४ | रण बहादुर थापा मगर | सदस्य | |
| ६५ | भूमी सुनार | सदस्य | |
| ६६ | विष्णु शाही | सदस्य | |
| ६७ | भुपेन्द्र शमशेर थापा | सदस्य | |
| ६८ | तिल बहादुर क्षेत्री | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | सरस्वती परियार नेपाली | सदस्य | |
| ७० | बेद प्रसाद गैरे | सदस्य | |
| ७१ | खुमानन्द पौडेल | सदस्य | |
| ७२ | धन मायाँ सुनार | सदस्य | |
| ७३ | नरमदा खत्री | सदस्य | |
| ७४ | श्रीराम कठरिया थारु | सदस्य | |
| ७५ | युवराज सारु | सदस्य | |
| ७६ | अन्जली गोतामे | सदस्य | अन्जली |
| ७७ | चम्पा देबी रेग्मी | सदस्य | चम्पा रेग्मी |
| ७८ | नगेन्द्र प्रसाद आचार्य | सदस्य | |
| ७९ | कृष्ण प्रसाद भुसाल | सदस्य | |
| ८० | निरु वि.क | सदस्य | निरु |
| ८१ | बाल कुमारी आचार्य | सदस्य | |
| ८२ | गगन बहादुर गुरुङ्ग | सदस्य | |
| ८३ | सन्त प्रसाद थारु | सदस्य | |
| ८४ | यम कलि सुनार | सदस्य | |
| ८५ | माया देवी क्षेत्री | सदस्य | माया |
| ८६ | देवी प्रसाद काफ्ले | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | गोपी कृष्ण पाण्डे | सदस्य | गोपीकृष्ण |
| ८८ | दिपा हरिजन | सदस्य | — |
| ८९ | सुमित्रा गाहा मगर | सदस्य | सुमित्रा |
| ९० | कन्हई प्रसाद थारु | सदस्य | [illegible] |
| ९१ | गोपाल नेपाल | सदस्य | [illegible] |
| ९२ | विना कुमारी दर्नाल | सदस्य | बिना |
| ९३ | लक्ष्मी थारु | सदस्य | [illegible] |
| ९४ | बालकिसन थारु | सदस्य | — |
| ९५ | कुमार प्रसाद थारु | सदस्य | कुमार प्रसाद |
| ९६ | वीरेन्द्रदेव भारती | सचिव | [illegible] |

मिति २०७८।०९।२६ गते सोमबार ।
समयः विहान ८:०० बजे ।
स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

नगरसभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरु, सचिवज्यू, वैठक व्यवस्थापनका लागि खटिनु भएका कर्मचारी एवं पत्रकार मित्रहरु,
अव म बुटवल उपमहानगरपालिकाको नगरसभाको दशौं अधिवेशनको दोस्रो वैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

प्रस्ताव नं.१०.२.१
प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ माथि दोस्रो संशोधन सम्बन्धमा ।
निर्णय नं.१०.२.१
पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७८।०९।१४ मा बसेको नगरसभाको दशौं अधिवेशनको पहिलो वैठकको कार्यसूची नं.१०.१ अन्तर्गत टेबुल भएको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दोस्रो संशोधन माथिको छलफलमा देहायको सदस्य सहभागी हुनुभयो ।

| सि.न. | नामथर | वडा नं. |
|---|---|---|
| १ | श्री शिव बहादुर अधिकारी | ९ |

उल्लेखित प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दोस्रो संशोधन प्रस्ताव माथिको छलफल समाप्त भएको हुँदा प्राप्त सुझावहरुको सन्दर्भमा थप स्पष्ट र संवोधन गर्दै सुझावहरुलाई समेत समायोजन गरी तयार भएको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ माथिको दोस्रो संशोधन सम्बन्धी प्रस्ताव पारितका लागि सभा समक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ मा देहाय बमोजिम हुने गरी दोस्रो संशोधन गर्ने निर्णय गरियो ।
देहाय :

**बुटवल उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ माथि दोस्रो संशोधन प्रस्ताव**

| भएको व्यवस्था | हुनुपर्ने (थप/घट) | थप घट वा संशोधनको कारण |
|---|---|---|
| १.बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधीनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा आवश्यकता अनुसार नियमहरु बनाई लागू गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, | बुटवल उपमहानगरपालिकाले नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा **क्षेत्रगत कानून निर्माण भई कार्यान्वयनमा नआएका वा क्षेत्रगत कानूनले व्यवस्था नगरेको विषयमा तत्काल कानून बनाई कार्यान्वयन गर्न मिल्ने बनाउन वाञ्छनीय भएको** हुँदा आवश्यकता अनुसार नियमहरु बनाई लागू गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ | प्रस्तावनालाई थप सान्दर्भिक र ऐनको उद्देश्य स्पष्ट बनाउन |

| | | |
|---|---|---|
| २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधीनमा रही संविधानको धारा २२३ बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ । | को अधीनमा रही बुटवल उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ । | |
| २ दफा २ को उपदफा (१) को खण्ड (ख १) थप | "कानून" भन्नाले बुटवल उपमहानगरपालिकाले यस ऐन बमोजिम निर्माण गरी जारी गरेको नियम, कार्यविधि, निर्देशिका, मापदण्ड वा आदेश समेतलाई सम्झनुपर्छ । | विषयगत क्षेत्रका छुट्टै ऐन नबनेको अवस्थामा समेत अधिकार क्षेत्र भित्रका विषयमा नियम, कार्यविधि लगायत पारित गरी कार्यान्वयनलाई सहज बनाउन । |
| ३ दफा ३ मा उपदफा ३ थप | (३)उपदफा (१) बमोजिमको नियम, कार्यविधि, निर्देशिका लगायतका कानून निर्माण गर्दा नेपालको संविधान बमोजिमका स्थानीय तहका एकल अधिकार क्षेत्र भित्रका विषयमा क्षेत्रगत ऐन नबनेको हकमा त्यस्तो विषयगत कानून नबनेसम्म र साझा अधिकार क्षेत्रका विषयमा संघीय तथा प्रदेश कानून नबनेसम्म यसै ऐन बमोजिम नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागु गर्न सकिनेछ । | विषयगत क्षेत्रका छुट्टै ऐन नबनेको अवस्थामा समेत अधिकार क्षेत्र भित्रका विषयमा नियम, कार्यविधि लगायत पारित गरी कार्यान्वयनलाई सहज बनाउन । |

**प्रस्ताव नं.१०.२.२**

**भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ माथि संशोधन सम्बन्धमा ।**

**निर्णय नं.१०.२.२.**

पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७८।९।१४ मा बसेको नगरसभाको दशौं अधिवेशनको पहिलो बैठकको कार्यसूची नं.१०.२ अन्तर्गत टेबुल भएको भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ संशोधन प्रस्ताव माथिको छलफलमा देहायको सदस्य सहभागी हुनुभयो ।

| सि.न. | नामथर | वडा नं. |
|---|---|---|
| १ | श्री शिव बहादुर अधिकारी | ९ |

उल्लेखित भाषा, कला, साहित्य संस्कृति प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ को संशोधन प्रस्ताव माथिको छलफल समाप्त भएको हुँदा प्राप्त सुझावहरुको सन्दर्भमा थप स्पष्ट र संबोधन गर्दै तयार भएको भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ माथिको संशोधन सम्बन्धी प्रस्ताव पारितका लागि सभा

समक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा सचालन गर्न बनेको ऐन, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| ऐनको दफा, उपदफा | भएको व्यवस्था | संशोधनका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा १ को उपदफा १ | "भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको ऐन, २०७५" | "बुटवल प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको ऐन, २०७५" | ऐनको नामलाई संक्षिप्त एवं जनजिब्रो मैत्री बनाउन । |
| दफा ६ को खण्ड (क) र (ख) | (क) विद्वत सभा<br>(ख) विद्वत परिषद् | (क) प्राज्ञ सभा<br>(ख) प्राज्ञ परिषद् | ऐनको नाम अनुरुप बनाउन । |
| दफा ७ को उपदफा २ | (घ) सदस्य ४८ जना<br>(ङ) ४६ जना<br>(च) ५ जना<br>५१ सदस्यीय | (घ) सदस्य ९८ जना<br>(ङ) ९१ जना<br>(च) १० जना<br>१०१ प्राज्ञ सभा सदस्य | प्राज्ञहरुलाई समेट्नका लागि । |
| दफा ८ | सिफारिस समिति<br>(१) ..........<br>(क) .......<br>(ख)........<br>(ग).........<br>(२) .......<br>(३) .........<br>(४)......... | सिफारिस समिति<br>(१) प्रमुखद्वारा मनोनयन हुने प्राज्ञ सभाका सदस्यहरु सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।<br>(क)उपप्रमुख एवं संरक्षक: अध्यक्ष<br>(ख) प्राज्ञ परिषद्का अध्यक्ष: सदस्य<br>(ग) " " सचिव: सदस्य सचिव | सिफारिस सम्बन्धी कार्य सरल बनाउन |
| दफा ११ उपदफा २ | परिषद्को गठन देहाय बमोजिम हुनेछ ।<br>(ख) उपाध्यक्ष १ जना<br>(ङ) सदस्य ९ जना | प्राज्ञ परिषद्को गठन देहाय बमोजिम हुनेछ ।<br>(ख) उपाध्यक्ष २ जना<br>(ङ) सह सचिव १ जना<br>(च) सदस्य ९ जना | कार्य सञ्चालनमा सहजताका लागि कार्यकारी पद थप गरिएको । |
| ऐनको प्रस्तावना, परिच्छेद, दफा, उपदफा, अनुसूचीहरु | मौजुदा व्यवस्थामा | संशोधित व्यवस्था बमोजिम मिलाइ सुधार गर्ने । | मौजुदा व्यवस्था र संशोधित व्यवस्था बमोजिम मिलाउन |

प्रस्ताव नं.१०.२.३

बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ माथि दोस्रो संशोधन सम्बन्धमा ।

निर्णय नं.१०.२.३

पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७८।९।१४ मा बसेको नगरसभाको दशौं अधिवेशनको पहिलो बैठकको कार्यसूची नं.१०.३ अन्तर्गत टेवुल भएको बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ को दोस्रो संशोधन माथिको छलफलमा देहायको सदस्य सहभागी हुनुभयो ।

| सि.नं. | नामथर | वडा नं. |
|---|---|---|
| १. | श्री शिव बहादुर अधिकारी | ९ |

उल्लेखित बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ माथिको दोस्रो संशोधन सम्बन्धी प्रस्तावमा छलफल गर्ने क्रम समाप्त भएको हुँदा प्राप्त सुझावहरुको सन्दर्भमा थप स्पष्ट र संवोधन गर्दै तयार भएको नगर सहकारी ऐन, २०७४ माथिको दोस्रो संशोधन सम्बन्धी प्रस्ताव पारितका लागि सभा समक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ मा देहाय बमोजिम हुने गरी दोस्रो संशोधन गर्ने निर्णय गरियो ।

बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन २०७४ (दोस्रो संशोधन प्रस्ताब) २०७८

| ऐनको दफा, उपदफा | भएको व्यवस्था | थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| दफा ३१ को उपदफा ५ | यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एक भन्दा बढी समान तहको संस्थाको संचालक वा सोही संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक संस्थाको मात्र संचालक वा कर्मचारी रहनु पर्नेछ । | कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको संचालक हुन सक्नेछ ।<br><br>तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एक भन्दा बढी सहकारी संस्थाको संचालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक सहकारी संस्थाको संचालक वा कर्मचारी मात्र रहनु पर्नेछ । | संघीय सहकारी ऐन २०७४ अनुरुप बनाउन |

| | | | |
|---|---|---|---|
| दफा ६५ को उपदफा २ | उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्वन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुईतिहाई वहुमतबाट निर्णय हुनु पर्नेछ । | उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्वन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको वहुमतबाट निर्णय हुनु पर्नेछ । | संघीय सहकारी ऐन २०७४ अनुरुप बनाउन |
| दफा ६६ को उपदफा १ | कुनै संस्थामा देहायको अवस्था विधमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुईतिहाई वहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ | कुनै सहकारी संस्थामा देहायको अवस्था विधमान भएमा साधारण सभाको तत्काल कायम रहेका वहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ | संघीय सहकारी ऐन २०७४ अनुरुप बनाउन |

**प्रस्ताव नं.१०.२.४**
**कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी विधेयक, २०७८ सम्बन्धमा ।**
**निर्णय नं.१०.२.४**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं.४ मा रहेको बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी विधेयक, २०७८ विधेयक समितिमा दफावार छलफल गरी पुन कार्यपालिका मार्फत यसै दशौं अधिवेशनको तेस्रो वैठकमा टेवुल गर्ने गरी आजको कार्यसूचीबाट हटाउन प्रस्ताव गर्दछु । सर्वसम्मति भएको हुँदा हटाएको व्यहोरा निवेदन गर्दछु ।

**प्रस्ताव नं.१०.२.५**
**बहुवर्षिय योजना सम्बन्धमा ।**
**निर्णय नं.१०.२.५**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका योजनाहरुलाई बहुवर्षिय योजना अन्तर्गत राखि संचालन एवं कार्यान्वयन गर्न आवश्यक भई यस सभामा अनुमोदनका लागि पेश गर्ने गरी कार्यान्वयनमा रहेको हुँदा उक्त योजनाहरुलाई अनुमोदन गरियो ।

| सि.नं. | नामथर | वडा नं. |
|---|---|---|
| १ | देवीनगर खुल्ला मन्चको प्रथम चरण निर्माण | ११ |

कार्य (वाउण्ड्री वाल र स्टेज ब्लक १)

२ ईमिलिचोक देखि विनायकपुर जाने सडक कालोपत्रे र नाली निर्माण — १४,१५ र १६

३ वडा कार्यालय भवन निर्माण — ८

**प्रस्ताव नं.१०.२.६**

**संगठन स्वरुप र दरवन्दी थप/घट सम्बन्धमा ।**

**निर्णय नं.१०.२.६**

बुटवल उपमहानगरपालिकाको हालको मौजुदा संगठन स्वरुपमा महाशाखा ७ र शाखाहरु २८ रहेकोमा कामको प्रकृति, कार्यविवरण समेतका आधारमा जवाफदेहिता कायम गर्न आवश्यक भएको हुँदा मौजुदा जनशक्तिबाटै शाखा संचालन र कार्य सम्पादन गर्ने गरी संगठन स्वरुपमा शिक्षा तथा जनस्वास्थ्य महाशाखा अन्तर्गत शिक्षा शाखालाई विभाजन गरी वाल तथा आधारभुत शिक्षा शाखा र माध्यमिक तह शिक्षा शाखा थप गरी शाखाको संख्या २९ कायम गर्ने । साथै कर्मचारी दरवन्दी तर्फ केही पद आवश्यक भएको र केही पद हाल नहुँदा पनि हुने र आवश्यकतानुसार थप/घट गर्ने अधिकार समेत यसै नगरसभामा निहित भएको हुँदा देहायका पदहरु थप/घट गर्ने गरी संगठन संरचना र दरवन्दी सम्बन्धी प्रस्ताव सभा समक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

थप गर्नुपर्ने दरबन्दी

| | |
|---|---|
| १ ईन्जिनियर, अधिकृतस्तर छैठौ | -१ |
| २ मेकानिकल ईन्जिनियर, अधिकृतस्तर छैठौ | -१ |
| ३ स.ई.नगरप्रहरी, सहायकस्तर पाँचौ तह | -१ |
| ४ प्राविधिक सहायक, सहायकस्तर पाँचौ तह | -१ |
| ५ अ.स.ई.नगरप्रहरी, सहायकस्तर चौथो तह | -१ |
| ६ खरिदार, सहायकस्तर चौथो तह | -१ |
| ७ अहेव, सहायकस्तर चौथो तह | -१ |
| ८ अमिन, सहायकस्तर चौथो तह | -१ |
| ९ कार्यालय सहयोगी, सहायकस्तर पहिलो तह | -३ |
| १० सफाईकर्मी, सहायकस्तर पहिलो तह | -४ |
| ११ चालक (हलुका) | -१ |

**हाल मौजुदा दरवन्दीमा रहेको खरिदार (सहायकस्तर चौथो तह) लाई महिला विकास निरीक्षक (सहायकस्तर चौथो तह) समान तहको पदमा समायोजन गरी पद मिलान गर्ने ।**

घटाउनुपर्ने दरबन्दी

| | |
|---|---|
| १ अधिकृतस्तर नवौ (सा.प्र.) | -१ |
| २ अधिकृतस्तर आठौ (सा.प्र.) | -१ |
| ३ अधिकृतस्तर सातौ (सा.प्र.) | -१ |
| ४ अधिकृतस्तर सातौ (प्रा.) | -१ |
| ५ अधिकृतस्तर छैठौ (सा.प्र.) | -४ |
| ६ मेकानिकल सव ईन्जिनियर सहायकस्तर पाँचौ तह | -१ |
| ७ चालक (हेभी), प्रथम तह | -१ |

प्रस्ताव नं.१०.२.७

म.ले.प.बाट प्राप्त लेखा परीक्षण प्रतिवेदन प्रस्तुत तथा सम्परीक्षण सम्बन्धमा ।

निर्णय नं.१०.२.७

बुटवल उपमहानगरपालिकाको आ.व. ०७६/०७७ को म.ले.प.बाट प्राप्त लेखा परीक्षण प्रतिवेदन लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद भुसालबाट आजको सभामा प्रस्तुत भई जानकारी भयो । उक्त प्रतिवेदनले औंल्याएका सुझावहरु क्रमशः कार्यान्वयन गर्दै जाने र वेरुजुका सम्बन्धमा देहाय बमोजिमका वेरुजुहरु औचित्यपूर्ण र कानून सम्मत देखिएको र सम्परीक्षण गर्न लेखा समितिबाट समेत सिफारिस भई आएको हुँदा सम्परीक्षण गरी नियमित गर्ने निर्णय गरियो ।

क) यस उपमहानगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को लेखा परीक्षणबाट कायम भएको बेरुजु दफा नं ३५ बेरुजु व्यहोराः धरौट्टी रकम हिसाव मिलान गरी न पा सञ्चितकोषमा जम्मा गर्नु पर्ने भनी रु.२,४९,७०८।०० बेरुजु कायम भएको छ । सो बेरुजु व्यहोरा अनुसारको सोही आर्थिक बर्षको हिसाव मिलान गर्न बाँकी रकम बैक हिसाव मिलान विवरणमा उल्लेख भएको रकम सँग मेल नखाएको र बैक हिसाव मिलान विवरण अनुसार सञ्चित कोष खातामा जम्मा गरी आम्दानी बाध्नु पर्ने रकम रू.९६,००१।०२ आम्दानी बाधी सोको प्रमाणको आधारमा आर्थिक वर्ष ०७६।०७७ को लेखा परीक्षणको क्रममा सम्परीक्षण भएको छ । उक्त दफाको बेरुजु रकम रू.२,४९,७०८।०० मध्ये रू.९६,००१।०२ संम्परीक्षण भइ सकेको हुदा बाँकी रहेको रकम रू.१,५३,७०६।९८ उक्त बेरुजु दफा सँग सम्बन्धित नभएको हुदा उक्त बेरुजु समायोजन गरी सम्परीक्षण गरियो ।

ख) बेरूजु दफा ४.२ करार कर्मचारीहरुको तलब भुक्तानी सम्बन्धमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा ८ मा भएको व्यवस्था बमोजिम नै उपमहानगरपालिकाको स्वीकृत दरबन्दी भित्र रही नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, चौकीदार,सरसफाइकर्मी, प्राविधिक कर्मचारीहरु मात्रै बुटवल उपमहानगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम नै कर्मचारीहरूको पदपूर्ति भएको हुदा उक्त बेरुजु रु.३,३३,७४,४८०।०० नियमित गरियो ।

ग) बेरूजु दफा ४.३ कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमाः स्थानीय तहको अत्यधिक कार्यबोझका कारण निरन्तर विहान साझ समेत खटिरहनुपर्ने र विहान साझ काम गराए वापत ओभरटाइम भत्ता भुक्तानी गर्दा धैरै बढी खर्च हुँने अवस्थालाई विचार गरी कानून बनाएर यो सुविधा उपलब्ध गराएको । यस्तो सुविधा उपलब्ध गराउन नगरको आन्तरिक आय नै प्रयाप्त रहेको साथै बुटवल उपमहानगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ बमोजिम नै भुक्तानी भएको हुदा स्थानीय सरकारको कार्यक्षेत्र र जिम्मेवारीको आधारमा समेत औचित्यपुर्ण रहेकोले रू.१,५०,६४,८३५।५४ नियमित गर्ने निर्णय गरियो ।

घ) बेरूजु दफा ९.१ हाटबजारको मूल्य अभिवृद्धि कर दाखिला सम्बन्धमाः सम्बन्धित संकलकबाट मूल्यअभिवृद्धिकर दाखिला भई भौचर पेश हुन आएको हुँदा उक्त बेरुजु रू.८३,४६७।२८ सम्परीक्षण गरियो।

ङ) बेरूजु दफा ९.२ मूल्य अभिवृद्धि कर कट्टी सम्बन्धमाः सम्बन्धित निर्माण व्यवसायीहरुबाट मुल्य अभिवृद्धिकर समावेशको प्रमाण पेश भइ आएको हुदा उक्त बेरुजु रकम रु २,२७,००५।०० सम्परीक्षण गरियो।

च) बेरूजु दफा ११.९ निर्माण व्यवसायी कोष सम्बन्धमाः निर्माण व्यवसायी नियमावली, २०५६ को नियम १४ मा "कोषमा बुझाउनु पर्ने दस्तुरः ऐनको दफा १७ को उपदफा (२) को खण्ड (ख) को प्रयोजन (निर्माण व्यवसायीहरू बाट तोकिए बमोजिम प्राप्त दस्तुर) को लागि निर्माण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.१० (शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्नेछ।" भन्ने उल्लेख भएको हुदा भुक्तानी गर्दा कट्टी नगरी भुक्तानी भएको र उक्त कोषमा रकम जम्मा गर्ने दायित्व सम्बन्धित निर्माण व्यावसायीहरुको नै भएको हुदा उक्त रकम रू.२,०२,२३२।०० नियमित गरियो।

छ) बेरूजु दफा १२.२ निजी श्रोतका शिक्षकको तलब भत्ता सम्बन्धमाः बुटवल उपमहानगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरु मध्ये प्रचलित शिक्षा ऐन र नियमावली बमोजिम न्यूनतम दरवन्दी नभएका विद्यालयहरुलाई संघीय सरकारले विगत केही वर्ष अगाडि देखि शिक्षण सहयोग अनुदान उपलब्ध गराएको। विद्यालयलाई अनुदान उपलब्ध गराउंदा प्रचलित शिक्षा नियमावली अनुसार नै शिक्षक नियुक्ति गरी काममा लगाउन निर्देशन भएको। विद्यालयले अनुदान प्राप्त गरेपश्चात सबै प्रक्रिया पुरा गरेर शिक्षक नियुक्ति गरेको। नियुक्त शिक्षकहरुको सम्पूर्ण अभिलेख यस पालिकामा रहेको र निज शिक्षकहरु निरन्तर कार्यरत रहेको सन्दर्भमा आव ०७६।०७७ मा उक्त अनुदान तिनै कार्यरत शिक्षकहरुको लागि सशर्त अनुदानको रुपमा यस पालिकामा उपलब्ध भएकोले निज शिक्षकहरु हालसम्म कार्यरत रहेको र निजहरुको कार्य सम्पादन पनि सन्तोषजनक रहेकोले ति शिक्षकहरुलाई भुक्तानी गरिएको हुदा उक्त बेरूजु रकम रू.८८,८७,६१०।०० नियमित गरियो।

ज) बेरूजु दफा १२.४ पाठ्य पुस्तक सोधभर्ना सम्बन्धमा सम्बन्धित विद्यालयहरूबाट बेरूजु बराबरको रकम फिर्ता गरी बैक जम्मा भै भौचर पेश हुन आएको हुदा उक्त बेरूजु रकम रू.१,६३,२९९।०० सम्परीक्षण गरियो।

झ) बेरूजु दफा १३.३ नपाउने तलब सुविधा सम्बन्धमाः नगर सभाबाट पारित बुटवल उपमहानगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ५ र ६ बमोजिम २०७६।०८।०१ गते देखि प्रोत्साहन सुविधा उपलब्ध गराइएका कर्मचारीहरुलाई सोही मिति देखि नै सो बमोजिम पद सुविधा पाउने व्यवस्था गरेको र उक्त रकम असुल गरिरहनु पर्ने नभएको हुदा उक्त रकम रु ११,००,४०८।५० नियमित गरियो।

ञ) आर्थिक बर्ष ०७६।०७७ को लेखा परीक्षणको बेरूजु अंकहरूको रकम जोड गर्दा रू.६,१७,१७,३३७।३२ हुनु पर्नेमा अध्यावधिक बेरूजु विवरणमा चालु आवको बेरूजु बाँकी रू.६,२५,७०००।०० उल्लेख भएको हुदा फरक पर्न गएको रकम रू. ८,५२,६६३।६८ समायोजन गरी सम्परीक्षण गरियो।

प्रस्ताव नं.१०.२.८

विविध एवं निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णय नं.१०.२.८.१

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बुटवल उपमहानगरपालिकाको विभिन्न वडाहरुबाट प्रस्ताव भए बमोजिमका देहायका २१ (एक्काइस) वटा आयोजनाहरुलाई प्राथमिकताको आधारमा क्रमशः कार्यान्वयन गर्दै जाने गरी प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

| सिफारिस भएको योजना | वडा नं. | स्थान |
|---|---|---|
| १. पहिरोग्रस्त क्षेत्रमा बृक्षारोपण कार्यक्रम। | १ | शिखर देउराली पार्क साइडमा |
| २. विभिन्न खोल्सी तथा नालिहरुमा पहिरोको माटो, ढुंगा निकाली सफा गर्ने बहुमुखी क्याम्पस पछाडिसम्म। | ३ | ज्योतिनागर |
| ३. डोजर जान नसक्ने ठाउँमा पहिरोको माटो नाली सफाई। | ३ | मिलन पथ |
| ४. खोल्सी सुधार । | ३ | बमघाट बिष्णु थापाको घर निर |
| ५. खोल्सी सरसफाई। | ४ | सुखौरा खोला |
| ६. हरियाली संरक्षण सरसफाइ। | ४ | सिदार्थ हाइवे |
| ७. आदर्श युवा कल्व मार्फत पार्क तथा क्यारी निर्माण। | ४ | आदर्शनगर आदर्शपार्क |
| ८. क्यारी निमार्ण, तटवन्ध निमार्ण तथा सरसफाई। | ४ | लक्ष्मीपार्क |
| ९. खेलकुद मैदानको स्तर उन्नति। | ५ | सौभाग्यनगर |
| १०. पि. सि. सि. निर्माण। | ५ | प्रगतिपथ पथ, सौभाग्यनगर |
| ११. जनएकता पथ पि सि सि निर्माण। | ५ | हाटबजार जनशान्ति टोल |
| १२. नाला निमार्ण । | ७ | जे बि पार्कको उत्तर तर्फको बाहिरी भाग ५०० मि. |
| १३. नर्शरी व्यवस्थापन ,अग्नी-नियन्त्रण, सामुदायिक पार्कको भौतिक निमार्ण। | ७ | शिवनगर सामुदायिक बन परिसर |
| १४. नाली निर्माण | ७ | बिर किशोर पथ |

| | | |
|---|---|---|
| १५. नाली निर्माण | ७ | लखनपथ शिव नगर |
| १६. कागती, कटहर, आप र अन्य फलफुलका बिरुवाको संरक्षण गर्ने । | १० | रामनगर सामुदायिक वन |
| १७. फायरल्याण्ड वनाउने र संरक्षण गर्ने । | १० | रामनगर सामुदायिक वन |
| १८. गत आवको बाँकी रहेको तारवार लगाउने र संरक्षण गर्ने। | १० | रामनगर सामुदायिक वन |
| १९. बेसारको विउ लगाउने र झारपात उखाल्ने। | १० | रामनगर सामुदायिक वन |
| २०. वडा नं १६ स्थित नरेश्वोर बोलबमधाम कम्पाउण्ड भित्र निर्माणाधिन नरैनापुर धाम सौन्दर्यकरण कार्यक्रम। | १६ | नरेश्वोर बोलबमधाम |
| २१. झोलुङ्गेपुल मैनैहिया सडक मर्मत तथा सरसफाई(२ कि.मि.)। | १९ | मैनैहिया |

**प्रस्ताव नं.१०.२.८.२**

**सिफारिस दस्तुर सम्बन्धमा ।**

**निर्णय नं.१०.२.८.२**

मिति २०७८।५।२८ मा बसेको नगरकार्यपालिकाको ८७ औं वैठकको निर्णय नं.८७.६.५ बाट अनुमोदनका लागि यस सभामा पेश गर्ने गरी बसोवास सिफारिसको हकमा प्रयोजन खुलाई विविध सिफारिस वापतको दस्तुर रु.३००।- लिने गरी भएको निर्णय सम्बन्धी प्रस्ताव अनुमोदन गरियो ।

**प्रस्ताव नं.१०.२.८.३**

**परिमार्जित बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.१०.२.८.३**

मिति २०७८।०७।१२ मा बसेको नगरकार्यपालिकाको ८९ औं बैठकको निर्णय नं.८९.१४ बाट अनुमोदनका लागि यस सभामा पेश गर्ने गरी लुम्बिनी प्रदेश सरकारबाट आ.व.०७८।०७९ का लागि स्वीकृत भई हस्तान्तरित एवं बुटवल उपमहानगरपालिकाको नगरसभाको नवौ अधिवेशनबाट समेत स्वीकृत भएका बजेट तथा कार्यक्रमहरु परिमार्जन भएको र ति परिमार्जित बजेट तथा कार्यक्रमहरु यस सभामा अनुमोदनका लागि पेश गर्ने गरी कार्यान्वयन भएको हुँदा सो सम्बन्धी प्रस्ताव अनुमोदन गरियो ।

**प्रस्ताव नं.१०.२.८.४**

**विद्यालयमा वालविकास/शिक्षक अनुदान कोटा थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१०.२.८.४**

मिति २०७८।९।४ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.९१.५ बाट उपमहानगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन अनुदान कोटा, वालविकास सहयोगी कार्यकर्ता अनुदान कोटा र वालविकास कक्षाका लागिं सहयोगी कर्मचारी (आया) कोटा र नेपाल सरकारले तोके बमोजिमको तलव भत्ता र पोशाक सुविधा उपलब्ध गराउने गरी भएको निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं.१०.२.८.५**

**बजेट थपघट सम्बन्धमा ।**

**निर्णय नं.१०.२.८.५**

यस पालिकाको चालु आव २०७८।०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रम मध्ये देहाय बमोजिमका चालु तथा पूजिगत शीर्षकबाट देहाय बमोजिमका शीर्षकहरुमा थप घट गरी केही अति आवश्यक योजना तथा कार्यक्रमहरु थप गरी कार्यान्वयन गर्न आवश्यक समेत भएको हुदा चालु आवको कुल बजेट सिमा भित्र समावेश गरी कार्यान्यवन गर्ने निर्णय गरियो ।

| क्र सं | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| नयां थप गर्नु पर्ने योजना तथा कार्यक्रमहरुः | | | | |
| १ | क्रियापुत्री भवन पछाडि वाल निर्माण | वडा नं.१ | ६ | |
| २ | कृष्णेश्वर महादेव मन्दिर मर्मत तथा रंगरोगन | वडा नं.१ | २ | |
| ३ | पद्म चैत्य विहार पूर्वाधार विकास | वडा नं.१ | ४ | |
| ४ | बुटवल मावि पछाडिबाट देउराली डाडासम्मको पहुच मार्ग विस्तार | वडा नं.१ | १० | २५ लाख बहुवर्षे ठेक्काका लागि |
| ५ | प्रतिमा बस्नेत स्मृति भवन निर्माण | वडा नं.१ | ३ | |
| ६ | मनमोहन स्मृति भवन निर्माण | वडा नं. २ | ७ | |
| ७ | फुलबारी खानेपानी पाइपलाइन विस्तार | वडा नं. २ | २ | |
| ८ | नेपाल अटो मेकानिक्स महासंघ भवन निर्माण | वडा नं. २ | ५ | |
| ९ | मनकामना टोल, मनकामना ४ र ५ जोड्ने अधुरो पुल | वडा नं. २ | ३ | |
| १० | श्रीराम नगर नाली निर्माण | वडा नं. २ | ३ | |
| ११ | कालिका कुलदेवी मन्दिर निर्माण | वडा नं. २ | २ | |

| क्र | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १२ | मनकामना १ मैनावगर जोड्ने अधुरो पुल निर्माण | वडा नं. २ | ८ | २५ लाख बहुवर्षे ठेक्काका लागि |
| १३ | ज्योतिनगर राधाकृष्ण मन्दिर पूर्वाधार | वडा नं. ३ | ३ | |
| १४ | ज्योतिनगर, चेतना पासाङ्ग टोलमा रिटेनिङ्ग वाल निर्माण (चुरे पहाडबाट आएको पहिरो रोक्न) | वडा नं. ३ | ५ | |
| १५ | वडा कार्यालय जाने सडक मर्मत तथा गेट मर्मत | वडा नं. ३ | ५ | |
| १६ | सहसनगर टोल विकास संस्था, दुर्गा मन्दिर देखि पश्चिम खोला जाने बाटो निर्माण | वडा नं.३ | १ | अपुग रकम |
| १७ | बमघाट सामुदायिक भवनको छतमा ट्रष्ट निर्माण | वडा नं. ३ | २ | |
| १८ | नेवा समाज पूर्वाधार निर्माण | वडा नं. ३ | २ | |
| १९ | तिनाउ टोल सामाजिक भवन निर्माण | वडा नं. ३ | २ | |
| २० | श्रीकृष्ण प्रणामी मन्दिर रंगरोगन | वडा नं. ३ | ३ | |
| २१ | ज्योतिनगरबाट बुद्ध एकतातर्फ रिटेनिङ्गवाल निर्माण | वडा नं. ३ | ३ | |
| २२ | बुद्ध एकता टोल जेष्ठ नागरिक तथा महिला उद्यमशिल भवन | वडा नं. ३ | ३ | |
| २३ | ज्योतिपथ सिर्जनाटोल सडक पिसिसि | वडा नं. ३ | ३ | |
| २४ | बुटवल बहुमुखी क्याम्पस खेलमैदान मर्मत | वडा नं. ३ | ५ | |
| २५ | आर्दश महिला धार्मिक सभाहलमा सिढी निर्माण | वडा नं. ४ | ३ | |
| २६ | पश्चिम नेपाल बस कम्पनीको कार्यालय अगाडि देखी जोगलाल विकको घरसम्म आरसिसी ढालन स्ल्याब कल्भट निर्माण | वडा न. ४ | ८ | २५ लाख बहुवर्षे ठेक्काका लागि |
| २७ | सिर्जनशिल सहयात्री सार्की समाज अधुरो भवन निर्माण | वडा नं.४ | २ | |
| २८ | सुखौरा खोलाको ढुंगा गेग्रेटो सफाई तथा आर्दश स्पोर्ट्स क्लबको निर्माणाधिन कर्वड हलमा खाल्टा सम्याउने कार्यका लागि | वडा नं.४ | ४ | |
| २९ | शान्ति पथ सडक मर्मत | वडा नं. ५ | ८ | |
| ३० | सितालामाई मन्दिर निर्माण सम्पन्नका लागि | वडा नं. ५ | ३ | |
| ३१ | जेष्ठ नागरिक मिलन केन्द्र तथा स्वास्थ्य भवन निर्माण सम्पनका लागि | वडा नं. ५ | ३ | |
| ३२ | भलाईकोष सडक पिसिसि, हाटबजार सेड निर्माण तथा ढलान, सिसिटिभी लगायत कार्यका लागि | वडा न. ५ | १० | ६० लाख बहुवर्षे ठेक्काका लागि |

| क्र.सं | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| ३३ | वि.पी पथ नाली तथा फुटपाथ, दुर्गा मन्दिरलाइन नाली फुटपाथ तथा सडक, ट्राफिक चोक देखि अमरपथ हुदै नेपालगंज रोड जोड्ने सडक नाली तथा फुटपाथ,पुष्पलाल पार्क पूर्व सडक निर्माण | ६,५,४ | १५ | ६० लाख बहुवर्षे ठेक्काका लागि |
| ३४ | प्रादेशिक अस्पताल इमर्जेन्सी गेट देखि होटल सिन्दुर सम्मको भागमा तारबार, हरियाली र सिचाई | वडा नं. ६ | २ | लायन्स क्लबसंगको सहकार्यमा |
| ३५ | शिवनगर सामुदायिक बनसंगको सहकार्यमा निर्माण गरिने पर्यटन पूर्वाधारका लागि (आम्दा क्रमलपोखरी पार्क समेत) | वडा नं. ७ | ५ | |
| ३६ | भगवती मन्दिर वाल निर्माण | वडा नं. ७ | ४ | |
| ३७ | संगमकालिका सामुदायिक भवन निर्माण | वडा नं. ७ | ५ | |
| ३८ | उजिरसिंह पथ सडक निर्माण | वडा नं. ७ | ७ | |
| ३९ | लखनपथ अधुरो सडक निर्माण | वडा नं. ७ | ६ | |
| ४० | सप्तऋषि मन्दिर पूर्वाधार निर्माण | वडा नं. ७ | ३ | अपुग रकम |
| ४१ | आम्दा टोल विकास संस्थाको अधुरो भवन रिटेनिंग वाल | वडा नं. ७ | ४ | |
| ४२ | तमु ह्यूला छोंज धीं भवन मर्मत | वडा नं. ७ | ४ | |
| ४३ | मनकामना पथबाट श्रवण पथ देखि अम्मर सिंह पथ सम्म २० मि. सडक पिच अपुरो | वडा नं. ७ | १.५ | अपुग रकम |
| ४४ | मनकामना मन्दिरमा शौचालय तथा तारबार | वडा नं. ७ | ५ | |
| ४५ | निलकण्ठ बाबा धामको मुख्य प्रवेश द्धार देखि दक्षिण पट्टी साईबाटिका जाने बाटोको खोलामा ग्याबिन जाली | वडा नं.७ | ३ | |
| ४६ | शिवनगर पुष्पपथ देखी श्रवणपथ जोड्ने अधुरा सडकहरु निर्माण | वडा नं.७ | १२ | |
| ४७ | बेसक्याम पुल आसपासको सडक मर्मत | वडा नं.७ | ७ | |
| ४८ | किसन नबिन बाटिक फलामे पुल निर्माण | वडा नं.७ | ५ | |
| ४९ | सिद्देश्वर खेलमैदान स्तरोन्ती अपुग | वडा नं.७ | ०.५ | |
| ५० | सिद्देश्वर व्यायमशाला स्थानान्त्रण तथा पिसिसि अपुग | वडा नं.७ | ०.५ | |
| ५१ | इसाइ धर्मालम्बिको समाधि स्थल तारवार तथा सेड निर्माण स्थान शिवनगर सामुदायिक वन | वडा नं.७ | ५ | |
| ५२ | तिरथ हरिजन पुस्तकालय व्यवस्थापनका लागि अनुदान | वडा नं. ८ | ५ | |
| ५३ | पुष्पलाल स्मृति भवन अगाडि खोलामा रेलिङ्ग | वडा नं. ८ | ३ | |
| ५४ | जेबी पार्क खण्ड ख फुलबारी, लाइटिङ्ग लगायत अधुरो कार्य सम्पन्न | वडा नं. ८ | ६ | |
| ५५ | प्रचण्ड थैव चोक देखी पुष्पलाल स्मृति प्रतिष्ठान जाने सडक फुटपाथ निर्माण | वडा नं. ८ | ८ | |

| क्र सं | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| ५६ | आइन्सटाइन पथ सडक निर्माण | वडा नं. ८ | १.५ | |
| ५७ | गणेशपथ पश्चिम सडक निर्माण | वडा नं. ९ | ५ | |
| ५८ | कुमारपथमा फलामे पुल निर्माण | वडा नं. ९ | ५ | |
| ५९ | हिमचुलीपथ गमला तथा फुलबारी निर्माण | वडा नं. ९ | १ | |
| ६० | तिनाउ टोल नवदुर्गा समिति मन्दिर निर्माण | वडा नं. ९ | ३ | |
| ६१ | अभियानपथ सडक मर्मत | वडा नं.१० | १५ | |
| ६२ | स्वयम्भु पथ सडक मर्मत | वडा नं.१० | ५ | |
| ६३ | विभिषणपथ सडक निर्माण | वडा नं.१० | ३ | |
| ६४ | मायादेवीपथ सडक निर्माण | वडा नं.१० | ७ | |
| ६५ | मिनीपथ सडक निर्माण अधुरो कार्य | वडा नं.१० | २ | |
| ६६ | बधशाला जाने वाइपास सडक निर्माण | वडा नं.१० | १० | ३० लाख बहुवर्षे ठेक्काका लागि |
| ६७ | विभूति पार्क अधुरो कार्य सम्पन्न गर्न | वडा नं. ११ | ८ | |
| ६८ | गंगा कुमारी पथ नाली तथा सडक निर्माण | वडा नं. ११ | ५ | |
| ६९ | देवसिद्ध टोल, जनजागरण महिला समुहको भवन निर्माण कार्य सम्पन्नको लागि | वडा नं.११ | ३ | |
| ७० | मैनावगर टोल विकास संस्था पूर्वाधार विकास | वडा नं. ११ | ४ | |
| ७१ | दुर्गापथ अधुरो सडक | वडा नं. ११ | ८ | |
| ७२ | सूर्यपथप्रगतिनगर सडक निर्माण | वडा नं. ११ | ५ | |
| ७३ | देबसिद्ध टोल राधाकृष्ण मन्दिर ट्रस निर्माण | वडा नं. ११ | ३ | |
| ७४ | पबित्रानगर राइजरोड सडक निर्माण | वडा नं. ११ | ३ | |
| ७५ | मदनपथ माझगाँउ सडक निर्माण | वडा नं. ११ | ३ | |
| ७६ | मझुवा सूर्यपथ सडक निर्माण | वडा नं. ११ | ३ | |
| ७७ | शान्ति पथ सडक स्तरोन्ती | वडा नं. ११ | ५ | |
| ७८ | हात्तिसुढ पुल देखि नहरपुर हुदैं बेलबास झोलुंगे पुल सम्मको सडक निर्माण | वडा नं. ११ | १० | ८० लाख बहुवर्षे ठेक्काका लागि |
| ७९ | भूपू सैनिक कल्याण क्लब मैदान स्तरोन्नती | वडा नं. ११ | २ | |
| ८० | सिरानगाउँ मजुवा १ न टोल क्रियापुत्री भवन निर्माण | वडा नं. ११ | २ | |

| क्र सं | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| ८१ | एफ सेक्टर टोल विकास संस्था अन्तगत दुर्गा मन्दिर परिसरमा क्रियापुत्री भवन निर्माण | वडा नं. ११ | ३ | |
| ८२ | कालिकापथ पश्चिम सिदार्थ पथ सडक निर्माण | वडा नं. ११ | ५ | |
| ८३ | गुम्बापथ नहरपुर सडक निर्माण | वडा नं. ११ | ४ | |
| ८४ | सिर्जनानगर नाली तथा ग्राभेल | वडा नं. ११ | ४ | |
| ८५ | कार्किपथ सडक मर्मत | वडा नं. ११ | ४ | |
| ८६ | अमरनारायण पथ सडक मर्मत | वडा नं. ११ | ६ | |
| ८७ | भैरव साझा टोल,एयरपोर्ट पथ अधुरो सडक निर्माण | वडा नं. १२ | ८ | २५ लाख बहुवर्षे ठेक्काका लागि |
| ८८ | रानीमहलपथ सडक निर्माण | वडा नं. १२ | ५ | |
| ८९ | पिसपार्क जाने बाटो शान्ति मार्ग नाली निर्माण | वडा नं. १२ | ४ | |
| ९० | सुपा देउराली पथ सडक निर्माण | वडा नं. १२ | ४ | |
| ९१ | सतगढी टोल शान्तिमार्गमा यु आकारको नाली निर्माण | वडा नं. १२ | ३ | |
| ९२ | भूपू सैनिक सभा हल अधुरो भवन निर्माण | वडा नं. १२ | २ | |
| ९३ | मुक्तिनाथधाम रंगरोगन | वडा नं. १२ | ५ | |
| ९४ | सुलोचना पथ सडक निर्माण | वडा नं. १२ | ३ | |
| ९५ | जर्वई गुम्बा पूर्वाधार निर्माण | वडा नं. १३ | ७ | |
| ९६ | मगरसंघ भवन पूर्वाधार निर्माण | वडा नं. १३ | ३ | |
| ९७ | मदरसा मदिना स्कूल जाने सडक निर्माण | वडा नं. १३ | ८ | |
| ९८ | मातृभूमिपथ सडक निर्माण | वडा नं. १३ | ४ | |
| ९९ | मिमिरि युवा क्लब खेलमैदान पूर्वाधार विकास | वडा नं. १३ | ४ | |
| १०० | जीतगढी दुर्गा मन्दिर पथ सडक मर्मत | वडा नं. १३ | ३ | |
| १०१ | एभरेष्ट पथ अधुरो सडक | वडा नं. १३ | २ | |
| १०२ | जर्वईमा दृष्टिबिहिनहरुका लागि भवन निर्माण | वडा नं. १३ | ३ | |
| १०३ | भानुपथ र उत्तरबेलबास टोल विकास संस्थाको भवन निर्माण | वडा नं. १३ | ३ | |
| १०४ | बदेलपोखरी २ न. ठाडो सुखौरा खोलामा तटबन्द निर्माण | वडा नं. १३ | ५ | |
| १०५ | बदेलपोखरी बुद्धपथ तमुपथ हुदैं सालघारी सैनिकपथ जोड्ने सडकमा कल्भर्ट निर्माण | वडा नं. १३ | ६ | |
| १०६ | मिलन टोल पुष्पपथ भिसेपको नाली सहित सडक निर्माण | वडा नं. १३ | ५ | |
| १०७ | अयोध्यापथ सडक निर्माण | वडा नं. १३ | ४ | |

| क्र स | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १०८ | झोलुङ्गे पथ एलबि नमूना पथ कल्भट निर्माण | वडा नं. १३ | ५ | |
| १०९ | न्यू भिजन फाउण्डेशन पूर्वाधार निर्माण | वडा नं. १३ | १० | |
| ११० | सत्यवती पथ प्रगति पथ सडक निर्माण | वडा नं. १३ | ५ | |
| १११ | पुष्पलाल स्मृति भवन निर्माण | वडा नं. १३ | ५ | |
| ११२ | जितगढी दुर्गा मन्दिर वाल निर्माण | वडा नं. १३ | ३ | |
| ११३ | मनमोहन स्मृति भवन निर्माण | वडा नं. १४ | ५ | |
| ११४ | मोतिगंज सागर पाण्डेको घरबाट पूर्वी टोल जाने सडक | वडा नं. १४ | ५ | |
| ११५ | पदमपुर दुर्गामन्दिर संरक्षण | वडा नं. १४ | १ | |
| ११६ | पराजुलीपथ सडक निर्माण | वडा न. १५ | १० | |
| ११७ | मैनापुर देखी विनायकपुर जाने सडकको खोलामा पुल निर्माण | वडा न. १५ | ७ | |
| ११८ | सिर्जना टोल विकास संस्था अधुरो भवन निर्माण | वडा न. १५ | २ | |
| ११९ | कपरकट्टी तालको माथिल्लो बाध निर्माण | वडा न. १६ | ७ | |
| १२० | नरेश्वर टोल विकास संस्था सडक विस्तार (चिनक थारु सुमित्रा नेपालीको घर अगाडी सडक) | वडा न. १६ | १४ | |
| १२१ | सिम्रिक सहकारीको गोदाम निर्माणका लागि अनुदान | वडा न. १७ | ५ | |
| १२२ | निलगाई संरक्षण जाली | वडा न. १७ | २ | |
| १२३ | हरिहरपुर तिनकुने चोक देखि माथि जाने अधुरो सडक | वडा न. १७ | ७ | |
| १२४ | पश्चिम नहरपुर टोल अधुरो सडक | वडा न. १७ | ८ | |
| १२५ | थारु सांस्कृतिक पहिचान सहितको पिकनिक पार्कको अधुरो काम सम्पन्न गर्न | वडा न. १८ | १५ | |
| १२६ | दक्षिण पोखराबारी समैया मन्दिर हुदे बथेरी रोडमा जोड्ने बाटो ग्राभेल | वडा न. १८ | ४ | |
| १२७ | मातेश्वरी महिला विकासको भवन निर्माण | वडा न. १८ | २ | |
| १२८ | थारु डिउहार निर्माण | वडा न. १८,१९ | ५ | |
| १२९ | अन्नपूर्ण टोल दुबौली कुलोमा वाल निर्माण | वडा न. १९ | ५ | |
| १३० | तपाहा देखी पूर्वनहरपुर जोड्ने अन्नपूर्ण टोल भुड्कैया खोला जोड्ने सडक | वडा न. १९ | ४ | |
| १३१ | बमभोला दुर्गा मन्दिर देखि दलित बस्ती हुदै हिरापुर जोड्ने सडक निर्माण | वडा न. १९ | ५ | |
| १३२ | रानीबारी टोल विकास संस्थामा कर्वड हल निर्माण | वडा न. १९ | ४ | |
| १३३ | पत्थरगंज मिलन टोल शिव दुर्गा मन्दिर सामुदायिक भवन ट्रस निर्माण | वडा न. १९ | ३ | |
| १३४ | लुम्बिनी सामुदायिक टेलिभिजन भवन निर्माण अनुदान | | ५ | |

| क्र सं | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १३५ | जिल्ला प्याब्सनको भवन निर्माण अनुदान सहयोग | | ५ | |
| १३६ | इलाका प्रहरी कार्यालय संगको सहकार्यमा फायर एक्टेन्शन मेसिन तथा विभिन्न प्रहरी बिटहरुको मर्मत सम्भार | | ८ | |
| १३७ | बुटवल उपमहानगरपालिका कर्मचारी सहकारी संस्था कार्यक्रम सहयोग (प्रस्तावका आधारमा) | | ५ | |
| १३८ | नेपाल मगर संघ लाइसेन्स फाँट देखि पितृथान जाने सडक निर्माण | | ५ | |
| १३९ | जीवराज आश्रित प्रतिष्ठान कम्प्युटर, प्रिन्टिङ्ग लगायत उपकरण खरिद तथा भवनको सिढीमा मार्वल लगाउने कार्यका लागि अनुदान | | २ | |
| १४० | विकासका लागि सञ्चार अभियान | | १५ | |
| १४१ | चालु भैपरी | | २० | |
| १४२ | कर्मचारी एशोसिएसन भवन निर्माण भवन सहकार्य | | १० | |
| १४३ | नयाँ सडक बाटो निर्माण (कृषि विकास बैंक दक्षिण) | ११ | ८ | |
| १४४ | प्रगति टोल सत्यवती पथ अपुग रकम थप | १३ | ३ | |
| १४५ | लक्ष्मि आदर्श सामुदायिक वन पूर्वाधार सहयोग | | ४ | |
| १४६ | रविन गुरुंगको घर देखि चम्किपुर सडक | १५ | ५ | |
| १४७ | सापकोटा पथको अधुरो नाली निर्माण | १३ | ३ | |
| १४८ | न्यू नमुना पथ कल्भर्ट निर्माण | १३ | ४ | |
| १४९ | मणि मुकुन्द पथ सडक निर्माण अपुग | २ | २ | |
| १५० | देविनगर सरसफाई सहकारी संस्था टेक्टर खरिद सहकार्य | | ७ | |
| १५१ | अस्थायी ल्याण्डफिल साइट व्यवस्थापन | | १० | |
| १५२ | बुटवल उपमहानगरपालिका कर्मचारी सहकारी संस्था कार्यक्रम सहयोग (प्रस्तावका आधारमा) | | ५ | |
| १५३ | पुष्प नरसिंह टोल सडक निर्माण | वडा नं. २ | ५ | |
| १५४ | एडमण्ड सिटी अस्पताल जाने हरियाली पथ अधुरो कार्य (बजेट थप) | वडा नं १३ | २.५ | |
| १५५ | दुर्गा मन्दिर ट्रस निर्माण | वडा नं. ११ | ३ | |
| १५६ | वारुणयन्त्र खरिद | | २० | |
| | जम्मा | | | |

बजेट थप गर्नु पर्ने शीर्षकहरु:

| | | | | |
|---|---|---|---|---|
| १ | विद्युत महशुल | | ७ | |
| २ | सवारी साधन इन्धन | | ३० | |
| ३ | सवारी साधन मर्मत प्रसाशन | | २० | |
| ४ | सवारी साधन मर्मत सरसफाइ | | १० | |

| क्र.सं | योजना तथा कार्यक्रमहरु | वडा नं | रकम रु (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| ५ | मुद्दा मामिला खर्च कानुन निर्माण समेत | | ८ | |
| ६ | सेवा निवृत सञ्चित विदा भुक्तानी | | ४ | |
| | जम्मा | | ८७१.५ | |
| बजेट घटाउने शीर्षकहरु: | | | | |
| १ | कर्मचारी तलब | | ३९६.५ | |
| २ | पर्यटन काज | | ७० | |
| ३ | सम्पुरक | | २७५ | |
| ४ | हिलपार्क बिग बुद्ध मूर्ति लगायत अन्य पूर्वाधार निर्माण कार्य | | ५० | |
| ५ | आयोजना विस्थापित राहत कोष | | ५० | |
| ६ | ब्याकअप सर्भर एवं सुरक्षण प्रणालीको स्थापना | | २० | |
| ७ | Unified ERP Installation | | १० | |
| | जम्मा | | ८७१.५ | |

साथै चालु आवको स्वीकृत मध्ये छाडा चौपाय व्यवस्थापन पूर्वाधार तथा सञ्चालन शीर्षकमा विनियोजित रकम सोही प्रयोजन (पूर्वाधार विकास तथा सञ्चालन व्यवस्थापन) मा खर्च गर्ने गरी नन्दिनी गौ संरक्षण केन्द्र व्यवस्थापन तथा संचालन समिति बुटवल ७ लाई अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १०.२.८.६**

राष्ट्रिय एकता, सद्भाव र एकीकृत नेपाल निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने पृथ्वीनारायण शाहको योगदानको स्मरण गरी प्रत्येक बर्ष पौष २७ गतेलाई राष्ट्रिय एकता दिवसको रुपमा मनाउन र सो दिन सार्वजनिक विदा दिन संघीय सरकारलाई अनुरोध गर्ने ।

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची अन्तर्गतका विषय माथिको छलफल समाप्त भएको हुँदा यस दशौ अधिवेशनको तेस्रो वैठक पुन: बस्ने भएको र सो को जानकारी अर्को सूचनाबाट गराइने भएको हुँदा सो समयसम्मका लागि यो वैठक यहि स्थगित भएको घोषणा गर्दछु ।